दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउन परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक १९७ | बुटवल | २०८१ असार ३०, गते आइतबार | नेपाल संवत ११४४ | Sunday July 14, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# रूपन्देहीमा बजेट खर्च निराशाजनक

**चालू आर्थिक वर्षको असार २७ गतेसम्म पुँजीगत बजेटको ३६ दशमलव ५३ प्रतिशत मात्रै खर्च भएको छ। विकास बजेटको रुपमा रहेको पूर्वाधारको आवश्यकता पूरा गर्ने बजेट पुँजीगत खर्च नहुनु भनेकै विकास नहुनु हो।**

**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीमा चालू आर्थिक वर्षको असार २७ गतेसम्म पुँजीगत बजेटको ३६ दशमलव ५३ प्रतिशत मात्रै खर्च भएको छ। विकास बजेटको रुपमा रहेको पूर्वाधारको आवश्यकता पूरा गर्ने बजेट पुँजीगत खर्च नहुनु भनेकै विकास नहुनु हो।

हरेक वर्ष पुँजीगत खर्च हुने कुरा उठान भए पनि ती घोषणाको रुपमा मात्रै हुने गरेको छ। अझैं पनि अन्तिम समयमा आएर बजेट खर्च गर्ने परिपाटी अन्तय भएको छैन। दोस्रो त्रैमासिकमा ५ प्रतिशत मात्रै भएको बजेट खर्च अन्तिम समयमा आएर अन्तत ३६ मात्रै खर्चिएको छ।

विगत केही वर्ष अगाडि सामानान्तर रुपमा बजेट खर्च भए पनि यो क्रम विस्तारै हट्दै गएको छ। सरकारले यसैलाई मध्यनजर गर्दै संविधानमै जेठमा बजेट प्रस्तुत गर्नुपर्ने बाध्यत्मक व्यवस्था गरेको थियो। तर काम गर्ने परिपाटी उस्तै भएपछि पुँजीगत खर्च बढ्न सकेको छैन।

कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीका अनुसार चालू आर्थिक वर्षको कुल बजेट २५ अर्ब ४३ करोड ७२ लाख १८ हजार ११ रुपैया बजेट कायम गरेकोमा कुल बजेटको ७४ दशमलव ५९ प्रतिशत अर्थात् १८ अर्ब ९७ करोड ३० लाख ५१ हजार ७५२ मात्रै खर्चेको छ। खर्च बढे पनि पुँजीगततर्फ भने सन्तोषजनक बजेट खर्च भएको छैन। कुल बजेटको एक तिहाई पनि नआएको पुँजीगततर्फको बजेट ३६ प्रतिशतमात्रै खर्च भएको छ।

रुपन्देहीका लागि यस आर्थिक वर्षमा चालूतर्फ १७ अर्ब ७६ करोड ८५ लाख ०८ हजार ४ सय २६ मध्ये १६ अर्ब १७ करोड १२ लाख ९५ हजार २ सय २५ रुपैयाँ अर्थात् ९१ दशमलव ०१ प्रतिशत खर्च भएको छ भने पुँजीगततर्फ अख्तियारी आएको कुल बजेट ७ अर्ब ६६ करोड ८७ लाख ९ हजार ५ सय ८५ मध्ये असार २७ सम्म २ अर्ब ८० करोड १७ लाख ५७ हजार ५ सय २७ अर्थात् ३६ दशमलव ५३ प्रतिशत रकम खर्च भएको कोलेनिका कार्यालय रुपन्देहीका प्रमुख कोष नियन्त्रक मञ्जुकुमारी जैसी ढकालले जानकारी दिइन।

आर्थिक वर्ष २०७८/०७९ मा रुपन्देहीमा ४६ प्रतिशत मात्र पुँजीगत खर्च भएको थियो। आर्थिक वर्ष २०७९/०८०मा ४२ अर्ब २ करोड ६९ लाख ६३ हजार ४ सय ५१ रुपैयाँ बिनियोजित रकमको ८८ प्रतिशत रकम खर्च भएको थियो। जस्मा पुँजीगत खर्च ७१ प्रतिशत रहेको थियो। चालु आवमा जिल्लाको कुल बजेटको ६९ दशमलव ८५ प्रतिशत चालुतर्फ र ३० दशमलव १५ प्रतिशत पुँजीगततर्फ बजेट कायम भएकोमा चालुतर्फ ९१ र पुँजीगततर्फ ३६ प्रतिशतमा खर्च भएको छ। तलब भत्तामा अधिकांश खर्च गर्न सकेका कर्मचारीले विकास बजेटतर्फ न्यून खर्च गरेको छ। जिल्लाका ९० वटा कार्यालयले मात्रै ती विकास बजेट खर्च गरेका छन्।

विगतको तुलनामा अहिले पुँजीगत खर्चको तथ्याङ्क राम्रो छ, रुपन्देहीको सबैभन्दा बढी बजेट बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना बुटवलको रहेकोमा यो वर्ष त्यो बजेट खर्च हुन नसकेको पाइएको छ। ३ अर्ब २५ करोड बजेट कायम भएकोमा ८४ लाख ९० हजार मात्रै खर्च भएको छ। यसले बजेट खर्च प्रतिशतमा कम देखिएको हो। यो योजनालाई मात्रै हटाएर हेर्दा करिब ६३ दशमलव २४ प्रतिशत पुँजीगत खर्च भएको कोलेनिका कार्यालय रुपन्देहीका प्रमुख ढकालले बताइन।




कार्यालयका अनुसार पुँजीगततर्फ सबैभन्दा बढी बजेट बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना बुटवलको ३ अर्ब २५ करोड बजेट कायम भएकोमा शून्य दशमलव २६ प्रतिशत अर्थात् ८४ लाख ९० हजार मात्रै खर्च भएको छ जसमध्ये असारमा मात्रै ६३ लाख खर्चेको छ। यस्तै संघीय आयोजना कार्यान्वयन इकाईले १ अर्ब ३४ करोड अख्तियारी पाएकोमा ५० प्रतिशत खर्च गरेको छ। सडक डिभिजन कार्यालय बुटवलले ७२ करोडको अख्तियारी पाएकोमा ५६ करोड ९७ लाख अर्थात् ७८ दशमलव २२ प्रतिशत मात्रै खर्चेएको छ। यस्तै ४३ करोड ७८ लाख ९५ हजार अख्तियारी पाएको स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय बुटवलले ६१ दशमलव ७७ प्रतिशत र जनताको तटबन्ध कार्यक्रमले ३० करोड २४ लाख अख्तियारी पाएकोमा ४२ दशमलव ५८ प्रतिशत खर्चेको छ।

१६ पालिका रहेको रुपन्देहीमा संघमार्फत पुँजीगततर्फ ६ पालिकाले पुँजीगततर्फ अख्तियारी पाएका थिए। तिलोत्तमाले ४० करोडमध्ये २२ करोड, लुम्बिनी साँस्कृतिकले ४६ लाखमध्ये ४४ लाख, सिद्धार्थनगरले ३० लाखमध्ये १० लाख, सैनामैनाले २ करोड ३१ लाखमध्ये २ लाख २२ करोड, गैंडहवाले १० करोड ५१ लाखमध्ये १० करोड ४९ लाख र मायादेवीले २ करोड २३ लाखमध्ये ३ करोड १९ लाख खर्चेको छ। चालुतर्फ भने सबै पालिकाले अधिकांश रकम खर्चेका छन्।

सरकारले पुँजीगत खर्चलाई जबसम्म यथोचित ढंगले कार्यान्वयन गर्न सक्दैन, तबसम्म जतिसुकै अन्य कुरामा सुधार गरे पनि देशको विकास हुन सक्दैन। पुँजीगत खर्चका लागि भएका मौज्दात ऐन, नियम, कानुन पनि बाधक छन्, सरकारले गम्भीर भएर इमान्दारी पूर्वक लागे पुँजीगत खर्च ठीक समयमा ठीक ढंगले हुनेछ। जनता र सत्ता विपक्षीहरुले सचेत हुँदै खर्चको नियमन र निगरानी गर्नु पर्छ। पुँजीगत खर्च गर्न सके अहिले भएको तरलता अभावमा पनि केही सहयोग पुग्छ भने अर्थतन्त्र चलायमान पनि हुन्छ। खर्च नहुँदा पैसाको चल्तीफिर्ती रोकिने, मजदुरहरुको रोजगारीमा संकुचन हुने र बजारमा तरलता अभाव हुने गरेको छ।

चालु बजेट खर्च हुने पुँजीगत खर्च नहुनु भनेकै कर्मचारीहरुले काम नगरिदिँदा पूर्वाधार तथा आयोजनाको काम सूस्त हुनु हो। खर्च गर्न नसक्ने निकाय तथा व्यक्तिलाई दण्ड गर्न सक्नुपर्ने व्यवस्था पनि हुनु पर्छ। समानान्तर रुपमा बजेट खर्च नहुँदा यसको असर अन्तिममा पर्छ। अन्तिम समयमा आएर गरेको विकास निर्माणले गुण्स्तरीयतामा पनि प्रश्न उठ्छ। प्रतिशतमा मात्रै देखिने त्यो खर्च हतारहतारमा खर्च भएको हुन्छ, कति पय फ्रिज हुन्छ भने कति पय त कागजमै मात्र खर्च हुने गरेको पाइन्छ। सरकारले विकासलाई प्राथमिकता र समयमा गर्नका लागि बजेट निकासा चाढै गर्न लागेको छ।

**राजस्व १ अर्ब ३६ करोड बढी**

रुपन्देहीमा भने गत वर्षको तुलनामा राजस्व असुली केही बढेको छ। आयात निर्यात प्रभावित हुँदा रुपन्देहीमा गत वर्ष केही कम आम्दानी भएको थियो। जिल्लाको सबैभन्दा ठूलो आम्दानीको श्रोत भैरहवा भन्सार कार्यालय नै रहेको छ। कोष तथा लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ को असार २७ सम्म रुपन्देहीबाट १ खर्ब ३ अर्ब ५८ करोड ४५ लाख ३४ हजार ६ सय ७८ रुपैयाँ ९४ पैसा राजस्व आम्दानी भएको छ। अघिल्लो आर्थिक वर्षमा १ खर्ब २ अर्ब २२ करोड ३० लाख ३७ हजार ८ सय ९० रुपैयाँ ६३ पैसा राजस्व आम्दानी भएको थियो। यस आर्थिक वर्षको अझैं ४ दिन बाँकी हुँदा समेत १ अर्ब ३६ करोड बढी राजस्व उठेको छ।

रुपन्देहीमा अहिले पनि सबैभन्दा बढी राजस्व भैरहवा भन्सार कार्यालयले नै असुल गरेको छ। भन्सारले ७९ अर्ब ९९ करोड ८० लाख ८७ हजार ९ सय ३९ रुपैयाँ असुल गरेको हो। यस्तै आन्तरिक राजस्व कार्यालय बुटवलले १० अर्ब ३१ करोड ३८ लाख र आन्तरिक राजस्व कार्यालय भैरहवाले १० अर्ब २१ करोड ७१ लाख राजस्व आम्दानी गरेको छ।

**केन्द्रको अवस्था**

सरकारले चालू आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ कूल बजेट विनियोजन गरिएको थियो। हालसम्म कूल बजेटको ७७.४४ प्रतिशतमात्रै बजेट खर्च भएको छ। असार २५ गतेसम्ममा कूल बजेटको १३ खर्ब ५६ अर्ब २१ करोड ५२ लाख रुपैयाँ मात्र खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकमा उल्लेख छ।

जसमध्ये आर्थिक वर्ष सकिँदै गर्दा (असार २५ गतेसम्म) ८१.७९ प्रतिशत चालू खर्च गरेको छ भने जम्मा ५७ प्रतिशत मात्रै पुँजीगत खर्च (विकास खर्च) गरेको छ।

» *बाँकी ३ पेजमा*

# स्वर्गीय ज्ञवालीको स्मृतिमा शोकसभा




बुटवल। सिद्धार्थ पब्लिकेशन प्रालिका पूर्व अध्यक्ष स्वर्गीय ऋषि ज्ञवालीको स्मृतिमा शनिबार शोकसभा सम्पन्न भएको छ।

शोकसभामा बोल्ने वक्ताहरुले ज्ञवालीले सञ्चार उद्यम, राजनैतिक र सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरे। उनीहरुले जीवनको विभिन्न कालखण्डमा जुन क्षेत्रमा काम गर्दा इमान्दारीपूर्वक र निःस्वार्थ काममा खटेको स्मरण गरे। प्रेस स्वतन्त्रता सेनानी एंव वरिष्ठ पत्रकार अर्जुन ज्ञवालीले भने-'उहाँ काम इमान्दारीपूर्वक गर्ने, तर फलको आशा नगर्ने व्यक्ति हुनुहुन्थ्यो।। हामी सबैले उहाँको सत्कर्मको प्रेरणा लिनुपर्छ।'

प्रेस स्वतन्त्रता सेनानी एंव वरिष्ठ पत्रकार बालकृष्ण चापागाईंले समाजमा इमानको खडेरी भएका बेला उनले पुऱ्याएको योगदानको सधैं महत्व हुने बताए।

नेपाल औषधि व्यवसायी संघका पूर्व अध्यक्ष एंव स्वर्गीय ज्ञवालीका राजनैतिक सहयोद्धा बाबुराम भट्टराईले चालीसको दशकदेखि उनीसँग संगत भएको बताउँदै २०४६ सालको राजनैतिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको बताए। उनले भने-'२०४६ सालको आन्दोलनमा आवश्यक सामग्री तयार गर्ने काम सँगै गऱ्यौं। कामप्रतिको लगाव र परिभाषित काम इमान्दारीपूर्वक गर्ने उनको स्वभावको सधैँ सम्झना हुन्छ।' लेखक झपेन्द्र जिसीले उनको सामाजिक र राजनैतिक आन्दोलनमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरे।

दैनिक लुम्बिनीका पूर्व सहकर्मी एंव लेखक दिपक विश्वकर्माले संकटका बेला उनले गरेको सहयोग सधैँ सम्झना हुने बताए। 'उहाँ बोलीको पक्का व्यक्ति हो।'- उनले भने।

लेखक एंव वाम राजनैतिक विश्लेषक विनबहादुर कुँवरले लुम्बिनीलाई हुर्काउने र बढाउने काममा पुऱ्याएको योगदानको चर्चा गरे। 'विभिन्न दिशामा फर्केकालाई एउटै लयमा हिडाउन उनले गरेको प्रयास अतुलनीय छ।'-उनले भने।

मान्डव्य सेवाश्रमका अध्यक्ष माधव ज्ञवालीले सधैंभरी व्यक्तिगत समस्याभन्दा संस्थागत कामप्रति लगाव र चासो रहेको बताए। दैनिक लुम्बिनीका पूर्व सहकर्मी भरत केसीले पत्रकार नभए पनि समाचारका इस्यु बुझ्न सक्ने पत्रकारका गुण उनमा रहेको जनाए।

दैनिक लुम्बिनीका सल्लाहकार एमबी विश्वकर्माले स्वर्गीय ज्ञवालीको जीवनीबारे चर्चा गर्दै उनको निधनले बुटवलले एक असल अगुवा गुमाएको बताए।

स्वर्गीय ज्ञवालीको परिवारको तर्फबाट बोल्दै पत्रकार मधु पन्थीले पारिवारिक स्वार्थभन्दा माथि उठेर सधैं क्रियाशिल भएको बताए। उनले दैनिक लुम्बिनी र सञ्चार क्षेत्रलाई पुऱ्याएको योगदानको सम्झनाका लागि केही काम गर्नका लागि मिलेर अघि बढ्न सकिने जनाए।

सिद्धार्थ पब्लिकेशनका अध्यक्ष मोहन चापागाईंले संस्थाको संस्थागत विकासमा पुऱ्याएको चर्चा गरे। उनले भने-'उहाँले दैनिक लुम्बिनीको अहिलेसम्मको यात्रामा पुऱ्याएको योगदान सधैँ सम्झिरहने छौं, उहाँको योगदान हाम्रा लागि सधैँ प्रेरणादायी हुनेछ।' कार्यक्रममा दैनिक लुम्बिनीका सम्पादक शेरबहादुर केसीले स्व. ज्ञवालीको योगदान प्रेरेरणादयी रहेको बताए।

कार्यक्रममा राष्ट्रिय समाचार समितिका लुम्बिनी प्रदेश संयोजक भरत केसीले स्व. ज्ञवालीले आफूलाई समेत विभिन्न अवस्थामा मार्गनिर्देश गरेको जनाए।

दैनिक लुम्बिनीका प्रबन्ध सञ्चालक महेश रिजालले स्व. ज्ञवालीको योगदानकै कारणले पत्रिका यहाँसम्म आएको भन्दै उनको योगदानको प्रसंशा गरेका थिए।

कार्यक्रममा रुपन्देही क्षेत्रमा क्रियाशिल पत्रकारहरु, स्व.ज्ञवालीका परिवार तथा दैनिक लुम्बिनीका पत्रकार तथा कर्मचारीहरुको सहभागिता रहेको थियो।



# सम्पादकीय

## चितवन दुर्घटनाबाट सिक्नुपर्ने पाठ

चितवनको सिमलतालमा शनिबार बिहान पहिरोले बगाएका दुई यात्रुवाहक बस अझैं भेटिएका छैनन् । दुर्घटनामा तीन जना पौडी खेलेर बाँच्न सफल भएका थिए । ती बसमा कति यात्रु थिए भन्ने यकिन नभए पनि ५२ भन्दा बढी यात्रु रहेको आँकलन छ । तीमध्ये गैँडाकोटमा दुई र दुर्घटनास्थलभन्दा केही किमी तल एक गरी तीन जनाको शव फेला परेको छ । गोताखोरसहित सुरक्षाकर्मी निरन्तर दुर्घटना भएको बस खोज्न नारायणीमा खटिरहेका छन् । विपद्मा सुरक्षाकर्मीको सक्रियता प्रशंसनीय छ ।

नारायणगढ–मुग्लीन सडकखण्ड वर्षायाममा सधैँ पहिरोको जोखिम भएको सडक हो । यो सडक निर्माण गर्दा पहाड ताछेर बनाइएको र सडकमाथि दर्जनौं पहिरो रहेकोले वर्षायाममा जोखिम छ भनेर विज्ञहरुले धेरै पहिलेदेखि भन्दै आएका छन् । पहिरोको जोखिम भएको ठाउँमा सडक भएकाले सुरक्षात्मक उपाय अवलम्बन गरी सडक नबनाइएको वर्षा हुन्छ सधैँ जोखिम छ । सडकको माथि पहिरोको धराप र तल त्रिशुली नदी रहेकोले दुर्घटनाको जोखिम झनै बढि छ । पहिरो वा अन्य कारणले दुर्घटना भएको बस नदीमा खस्ने भएकोले यात्रुलाई जिवितै उद्दार गर्न कठिन छ । अहिले त झन दुर्घटना भएको बस फेला पार्न सकिएको छैन् ।

रात्री बस पहिरोमा परेर जनधनको क्षति भएपछि उच्च जोखिमको सूचना जारी भएका दिन तोकिएका जिल्लामा रात्रिकालीन सवारी चलाउन नपाइने भएको छ ।यो तत्कालका लागि गर्नै पर्ने काम थियो । तर प्राथमिकता पहिरो व्यवस्थापनमा दिनुपर्छ । पहाडको पहिरो रोकन मनपरी संरचना निर्माण गर्न रोक्नुपर्छ । सिमलतालमा पहिरो जानुको कारण बन्दै गरेको ग्रामीण सडकले भएको बुझिएको छ । जोखिमयुक्त ठाउँमा अनावश्यक संरचना नबनाउने र पहिरो न्युनिकरण कार्यक्रम चलाएर पहिरो रोक्न सकिन्छ । बढ्दो मानवीय गतिविधि न्युनिकरण गर्न राज्यको पटक्कै चासो छैन् ।

चितवनको यो दुर्घटनाबाट राज्यले पाठ सिकेर सुरक्षित सडकका लागि गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन कामको योजना बनाउनुपर्छ । ती योजनालाई कार्यान्वयन गर्दा सडकलाई सुरक्षित बनाउन अवश्य बल पुग्छ ।

# अस्थिरताले उठ्न नसकेको अर्थतन्त्र



**धर्मराज भट्टराई**




राजनीतिक खिचातानीका घटनाक्रमहरू घट्नेक्रम रोकिएको छैन, मुलुकमा । प्रमुख राजनीतिक दलका नेताहरूको ध्यान सरकार बनाउने र ढलाउने खेलमा मात्र केन्द्रित हुँदा अन्य क्षेत्रहरू ओझेलमा परेका छन् । मुलुकमा अस्थिरताले निरन्तरता पाउँदा छिटोछिटो सरकार परिवर्तन हुने गरेको छ । यसले गर्दा प्राथमिकतामा परेका योजना तथा कार्यक्रमहरू समयमै कार्यान्वयन हुन सकेका छैनन् । यसको सबैभन्दा बढी असर मुलुकको अर्थतन्त्रमा परेको छ । कुनै पनि मुलुकको आर्थिक समृद्धि रातारात हुन सक्दैन । यसका लागि दूरदर्शी दृष्टि, समय सान्दर्भिक दीर्घकालीन योजना तथा कार्यक्रमहरू र यसको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक हुन्छ । स्थिर र टिकाउ सरकारबाट मात्र यस्तो कार्यको आशा गर्न सकिन्छ । तर, विडम्बना नै भन्नुपर्छ विगत तीन दशकको अवधिदेखि नेपालमा यस्तो स्थिर सरकार देख्न पाइएको छैन । यसैकारण मुलुकले आर्थिक रूपमा फड्को मार्न नसकेको अवस्था छ ।

२०७९ मंसिरमा सम्पन्न आमनिर्वाचनपछिको १९ महिनाको अवधिमा मुलुकमा तेस्रोपटक सत्ता गठबन्धन बनिसकेको छ भने चौथो गठबन्धन बन्ने तयारीमा छ । यसैबीच, तीन छुट्टाछुट्टै राजनीतिक दलका तीन जना अर्थमन्त्रीहरूले मुलुकको अर्थतन्त्रको बागडोर सम्हालेका छन् । अघिल्लो वर्षको १० पुसमा माओवादी, एमाले, रास्वपा र राप्रपासहितका दल सहभागी भएर गठित गठबन्धनको सरकारमा एमाले नेता विष्णुप्रसाद पौडेलले अर्थ मन्त्रालयको जिम्मेवारी पाएका थिए । तर, फागुन दोस्रो साताम‍ै गठबन्धन भत्किएपछि अर्को गठबन्धनको सरकार बन्यो । सो सरकारमा नेपाली कांग्रेसका नेता प्रकाशशरण महतले अर्थ मन्त्रालयको जिम्मेवारी पाए । करिब १३ महिना अर्थ मन्त्रालयको बागडोर सम्हालेका नेता महत गत २१ फागुनमा नयाँ गठबन्धनको सरकार बनेपछि बाहिरिए ।

नयाँ सरकारमा अर्थमन्त्रीको जिम्मेवारी एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का नेता वर्षमान पुनले पाए । तर, अहिलेको राजनीतिक परिस्थिति हेर्दा उनको समेत समयगन्ती सुरु भइसकेको देखिन्छ । यसरी १९ महिनाको अवधिमा नै तीनपटक अर्थमन्त्रीको फेरबदल भएर चौथो बन्ने तयारीमा रहेको मुलुकको आर्थिक अवस्था कस्तो होला भनेर सहजै अनुमान लगाउन सकिन्छ । आफू अर्थमन्त्री हुँदा तर्जुमा गरिएको आवको बजेटसमेत कार्यान्यवन गर्न नपाउँदै मन्त्री परिवर्तन भएका छन् । यसले एकातिर नेतृत्ववर्गमा जिम्मेवारीको बोध गराएको छैन भने अर्कोतर्फ, जवाफदेहिताको समेत खडेरी परेको देखिन्छ ।

कुनै दूरदृष्टि तथा आर्थिक सम्भाव्यताको अध्ययन नै नगरी स्टन्टबाजी, लोकरिझाइँ तथा कमिसनको लोभमा तर्जुमा गरिएका बजेटहरूको विश्वसनीयता पछिल्लो समय घट्दै गएको छ । अनुमानित खर्च र आम्दानीको तालमेल मिलाउन नसक्दा अर्धवार्षिक समीक्षा भन्दै बजेटको आकार घटाउने गरिएको छ । लक्ष्यनुसार राजस्व नउठ्ने र खर्चसमेत हुन नसक्ने भएपछि सरकारले चालू आवको बजेट १२ दशमलव ६२ प्रतिशतले घटाउने निर्णय गरेको थियो । अर्थ मन्त्रालयले चालू आवको अर्धवार्षिक समीक्षा गर्दै बजेटको आकार घटाएको थियो । चालू आवका लागि सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँको बजेट विनियोजन गरेकामा अर्धवार्षिक समीक्षामार्फत २ खर्ब २१ अर्ब रुपैयाँ घटाएर १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख रुपैयाँमा झार्ने निर्यण गरिएको थियो । चालू आवमा सरकारले चालूतर्फ ८८ दशमलव ८४ प्रतिशत, पुँजीगततर्फ ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ ८७ दशमलव ३९ प्रतिशत हुने संशोधित अनुमान गरेको थियो । अर्धवार्षिक समीक्षामार्फत् बजेटको आकार घटाएको यो पहिलो घटना भने होइन । गत आवमा समेत सरकारले राजस्व संकलनलगायत स्रोतमा परेको चापका कारण देखाउँदै बजेटको आकार २ खर्ब ४४ अर्ब रुपैयाँ घटाएको थियो । कुल १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँको बजेट सार्वजनिक भएकामा संशोधनमार्फत् १५ खर्ब ४९ अर्ब ९९ करोड रुपैयाँ बनाइएको थियो ।

छिटोछिटो परिवर्तन भइरहने सरकारका कारण विकासका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन पक्षमा अवरोध पुगेको देखिएको छ । यसैकारण पछिल्ला वर्षहरूमा मुलुकमा पुँजीगत खर्चमा वृद्धि हुन सकेको छैन । हरेक वर्ष सरकारले पुँजीगत खर्च शीर्षकमा खर्बौं रुपैयाँ बजेट विनियोजन गर्ने गरेको छ । तथापि, यसरी विनियोजन गरिएको पुँजीगत बजेट पूर्णरूपमा खर्च हुन नसक्दा मुलुकले अपेक्षित लाभ लिन सकिरहेको छैन । सरकारले खर्च गर्न नसक्दा आन्तरिक अर्थतन्त्रसमेत चलायमान हुन नसकेको देखिएको छ । अन्तरिक उत्पादन, उपभोग, लगानी, पुँजी निर्माण, रोजगारी सिर्जनाजस्ता पक्षहरूमा यसले प्रतिकूल असर परेको देखिएको छ । विगत लामै कालखण्डदेखि सरकारले विनियोजन गरेबमोजिमको पुँजीगत खर्च नहुने रोगबाट मुलुक ग्रसित हुँदै आएको छ ।

चालू आवको अन्तिम क्षणमा आइपुग्दासमेत सरकारको कुल बजेट खर्च वार्षिक विनियोजित रकमको करिब ७७ प्रतिशतको हाराहारीमा मात्र भएको देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकनुसार २५ असार २०८१ सम्म १३ खर्ब ५६ अर्ब २१ करोड ५२ लाख रुपैयाँ बराबर बजेट खर्च भएको हो । यो खर्च वार्षिक विनियोजित रकमको ७७ दशमलव ७४ प्रतिशत हो । सरकारी व्यवस्थानुसार अति आवश्यक देखिएबाहेक २५ असारभन्दा पछि खर्चको भुक्तानीका लागि चेक काट्न नपाइने व्यवस्था छ । यसले गर्दा चालू आवमा सरकारले लक्ष्यभन्दा धेरै कम खर्च गरेको भन्न सकिन्छ । महालेखाका अनुसार २५ असारसम्म चालूतर्फ ९ खर्ब ३३ अर्ब ८५ करोड ५४ लाख अर्थात् ८१ दशमलव ७९ प्रतिशत, पुँजीगततर्फ १ खर्ब ७२ अर्ब ९ करोड २२ लाख अर्थात् ५६ दशमलव ९७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २ खर्ब ५० अर्ब २६ करोड ७६ लाख रुपैयाँ अर्थात् ८१ दशमलव ४ प्रतिशतबराबर खर्च भएको छ । चालू आवको बजेटमा पुँजीगत खर्च कुल बजेटको १७ प्रतिशत मात्र विनियोजन गरेको थियो । तथापि, तुलनात्मक रूपमा हेर्दा यसमा भएको खर्चको अवस्था सन्तोषजनक देखिँदैन । अर्को विडम्बनाको कुरा यस अवधिमा सरकारी ऋणको सावाँ ब्याज भुक्तानीमा भएको खर्चभन्दा पुँजीगत खर्च धेरैले कम देखिएको छ ।

पुँजीगत खर्च कम हुनुको अर्थ सरकारको आर्थिक क्रियाशीलता र गतिशीलता कम हुनु हो । यसको प्रत्यक्ष असर उत्पादन, उपभोग, वितरण तथा सार्वजनिक वित्तमा पर्ने गर्छ । पुँजीगत खर्च कम हुँदा उत्पादनका क्षेत्रमा नकारात्मक असर पर्छ । वस्तु तथा सेवा उत्पादनका लागि आवश्यक पूर्वाधारहरूको विकास र विस्तारमा भएको कमीले समग्र बजार मागमा समेत संकुचन पैदा हुन्छ । यसबाट मुलुकभित्र रहेका उद्योग तथा कलकारखानाहरूसमेत पूर्ण क्षमतामा चल्नसक्ने अवस्था देखिँदैन । अहिले मुलुकको अवस्थासमेत यस्तै देखिएको छ । उद्योगी एवं व्यवसायीहरूका अनुसार वर्तमान समयमा उद्योग तथा कलकारखानाहरूले आफ्नो क्षमताको ३० देखि ४० प्रतिशत मात्र उत्पादन गरिरहेको बताएका छन् । यसको असर निर्माण क्षेत्रमा समेत परेको छ । अहिले सिमेन्ट, छड, इँटा, गिटी, ढुंगालगायत निर्माण सामग्री उद्योगको माग वृद्धि हुन सकेको छैन । यसको गहिरो असर रोजगारी सिर्जनामा देखिएको छ । उद्योग–व्यवसायहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा रोजगारीका अवसरहरूसमेत घट्दै गएका छन् । यसबाट आम्दानी तथा खर्च गर्ने क्षमता ह्रास आउने भएकाले यसको असर उपभोगमा पर्ने देखिन्छ । फेरि घुमिफिरी यसले उत्पादनको क्षेत्रमा नकारात्मक असर पर्नेछ । यसको चक्रीय प्रभावका कारण मुलुकको अर्थतन्त्र नै दुश्चक्रमा फस्ने खतरा देखिएको छ ।

मुलुकको अर्थतन्त्रले अपेक्षित गति लिन नसकेको भए पनि आफू अर्थमन्त्री हुँदा अर्थतन्त्र सुधार भएको भनेर सबै अर्थमन्त्रीले दाबी गर्ने गरेका छन् । मुलुकभित्र रोजगारीका अवसरहरू सिर्जना हुन नसक्दा दैनिक हजारौं युवा विदेसिने क्रम रोकिएको छैन । मुलुकको आन्तरिक अर्थतन्त्र चलायमान हुन नसक्दा कर्जायोग्य रकमको उचित परिचालन हुन नसकेको अवस्था छ । विगत लामो समयदेखि कर्जाको माग नबढ्दा बैंक तथा वित्तीय संस्थामा ठूलो परिमाणमा लगानीयोग्य रकम निष्क्रिय बसेको अवस्था छ । गत जेठ महिनाको अन्त्यसम्म ६ खर्बभन्दा बढी लगानीयोग्य रकम बैंकमा थुप्रिएको जनाइएको छ । चालू आवमा राष्ट्र बैंकले साढे ११ प्रतिशतले कर्जा विस्तारको लक्ष्य तय गरेको थियो । तर, अहिलेसम्मको अवस्था हेर्दा लक्ष्यप्राप्ति गर्न नसकिने देखिन्छ । गत साउनदेखि जेठ महिनाको मध्यसम्ममा करिब ४ खर्ब ५६ अर्ब रुपैयाँ निक्षेप संकलन हुँदा २ खर्ब ४५ अर्ब रुपैयाँ मात्र कर्जा प्रवाह भएको छ । यस अवधिमा निक्षेपको वृद्धिदर ७ दशमलव ९ र कर्जाको ५ प्रतिशत मात्र छ । लगानीको विस्तारमा संकुचन आउँदा आन्तरिक उत्पादन बढ्न सकेको छैन । यसले गर्दा दिन प्रतिदिन आयात बढ्दै जाने, तर निर्यातको मात्रा घट्दै गएका कारण व्यापार घाटा बढ्दै गएको छ । मुलुकमा दिगो विकासको आधार खडा गर्न आन्तरिक उत्पादन बढाउनुपर्ने पहिलो र अनिवार्य सर्त मानिन्छ । तर, पछिल्लो समय मुलुक भित्रिने रेमिट्यान्सको मात्रामा भएको वृद्धिले अर्थतन्त्रका बाह्य परिसूचकहरूमा आएको सकारात्मक प्रभावलाई मात्र मूल्यांकन गरेर अर्थतन्त्र सुधारोन्मुख भएको दाबी गर्नु कदापि सही हुन सक्दैन ।

राजनीतिक अस्थिरताले पटकपटक परिवर्तन भइरहने सरकारलाई सामान्य रूपमा हेरिए पनि यसको असर दीर्घकालीन हुने देखिन्छ । मुलुकले स्थिर सरकार नपाउँदा कुनै पनि क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न नसकेको देखिन्छ । आफ्नो निहित स्वार्थ पूर्तिका लागि मात्र गरिने राजनीतिक गुटबन्दीले केहीलाई लाभ पुगे पनि राष्ट्रले भने ठूलो क्षति बेहोर्दै आएको छ । छिमेकी मुलुकहरू विश्वकै ठूला अर्थतन्त्रको सूचीमा सूचीबद्ध भइसकेको अवस्थामा नेपाल भने गरिब मुलुकको सूचीबाट उम्किन सकेको छैन । मुलुकको आर्थिक विकासका लागि विभिन्न अद्यावधिक योजना र बजेटमार्फत ठूलाठूला योजना तथा कार्यक्रमहरूको तर्जुमा गरिए पनि कार्यान्वयन पक्ष कमजोर हुँदा यसबाट लाभ लिन सकिएको छैन । १५औं योजनाको समयावधि पूरा हुँदासमेत योजनामा उल्लेख गरिएका अधिकांश लक्ष्यहरू पूरा नहुने देखिएको छ । एकातिर वार्षिक बजेटको पुँजीगत खर्चमा समस्या देखिनु अर्कोतर्फ अद्यावधिक योजनाका लक्ष्यहरू प्राप्त गर्न असफल हुनुले मुलुकको आर्थिक समृद्धिको सपना सपनामै सीमित हुने त होइन ? भन्ने आशंका उब्जिएको छ । यसैकारण मुलुकको आर्थिक विकासका लागि स्थिरता अनिवार्य देखिएको छ । स्थिर सरकारलाई मात्र जिम्मेवारीको बोध हुन सक्छ, जवाफदेहिताको अंकुस लाग्न सक्छ । यसपछि मात्र आर्थिक एवं सामाजिक परिवर्तनको आशा गर्न सकिन्छ । अन्यथा, कतिवटा सरकार परिवर्तन भए र कति जना अर्थमन्त्री भए भनेर नाम सम्झनुबाहेक अरू केही उपलब्धि हुने देखिँदैन ।

राजधानीबाट

# स्वस्थ र दीर्घजीवन जिउने सरल काइदा

**डा. अमित गौली**

स्वस्थ जीवन अपनाउन सबैभन्दा पहिला शरीरमा विषाक्त पदार्थको सेवनमा नियन्त्रण गर्न सक्नुपर्छ । हामीले खाने कतिपय कुरा शरीरका लागि विषाक्त हुनसक्छ । जसमध्ये चुरोट, सुर्तीजन्य पदार्थ र मदिरा प्रमुख हुन् । यी पदार्थमा शरीरलाई हानि गर्ने रसायन हुनुका साथै लत बसाउने तत्व पनि हुन्छ । त्यही कारण पहिला रहरैरहरमा खाएपनिपछि हानी गर्छ भनेर थाहा पाउँदा चाहेर समेत छुटाउन कठिन पर्छ ।

यदि माथि चर्चा गरिएकामध्ये कुनै एकमा लत छ भने अन्य खानेकुरा र व्यायामले मात्र शरीर स्वस्थ रहन सम्भव हुँदैन । यसको लागि लत नै छोड्नुपर्छ । यी लत लाग्ने पदार्थ मात्र होइन, अहिले जंकफुड पनि दीर्घरोगको प्रमुख कारण बनिरहेको छ । यस्ता खानेकुरामा विशेष किसिमको तत्व हुन्छ, जसमध्ये एक चिनी हो । जंकफुडमा अत्यधिक मात्रामा सुक्रोज र उच्च फ्रुक्टोज हुन्छ । जसले शारीरिक पाचनमा असर पार्छ । त्यसमा हुने ट्रान्सफ्याट र नुनले पनि समग्र स्वास्थ्यमा असर गरिरहेको हुन्छ ।

यी खानेकुरा हानिकारक छ भन्ने जान्दा जान्दै पनि मान्छेहरुले किन खान्छन् भने यसमा जिब्रो लोभ्याउने स्वाद हुन्छ । एक पटक खाएपछि फेरि खाने तलतल लाग्छ । त्यसैले चटक्कै त यी खानेकुरा छाड्न सकिँदैन । यद्यपि क्रमशः कम गर्दै प्राकृतिक खानामा आफूलाई अभ्यस्त बनाउन सकिन्छ ।

**शरीरलाई चलायमान राखौं**

स्वस्थ रहन शारीरिक गतिविधि एकदमै महत्वपूर्ण हुन्छ । जब हामी कसरत गर्छौं, यसले मांसपेशीलाई मात्र बढाउँदैन, शरीरलाई फूर्तिलो र आकर्षक पनि देखाउँछ । मस्तिष्क र हर्मोनको कार्य क्षमता बढाउन पनि व्यायाम प्रभावकारी छ । शरीरले धान्न सक्ने बल उठाउने बानी र अन्य शारीरिक कसरतले शरीरमा रक्तसञ्चारलाई बढाउँछ । यसकै माध्यमबाट शरीरको हरेक अंग चलायमान र



चुस्तदुरुस्त रहन्छ ।

व्यायामको अर्को फाइदा भनेको ब्लड सुगर र इन्सुलिनको स्तर घटाएर कोलेस्टोरोललाई सन्तुलनमा राख्छ । त्यस्तै, व्यायामले खानाबाट प्राप्त गर्ने क्यालोरी खर्च गरी टेस्टोस्टेरोन र हर्मोनको विकासमा मद्दत गर्छ । यी दुवैले समग्र शरीर र दिमागको स्वास्थ्यमा सुधार गर्छ ।

सगग्रमा व्यायामले डिप्रेसन, मोटोपन, टाइप २ मधुमेह, मुटुरोग र अल्जाइमर जस्ता रोगको जोखिम कम गर्छ ।

व्यायाम गर्न जिम गर्न कक्षा लिनैपर्छ भन्ने पनि छैन । घरमै युट्युबबाट व्यायामका भिडियो हेरेर हल्काफुल्का व्यायाम, घरका कामकाज, बिहान एक चरण हिंड्डुल, छिमेकी र बालबच्चासँग कसरत हुने खालका खेल खेलेर पनि शारीरिक सक्रियता बढाउन सकिन्छ ।

**बच्चा जसरी सुत्नुहोस्**

निरोगी रहन जति स्वस्थ खानाको जरुरी छ, उत्तिकै आवश्यक छ सुताइ पनि । स्वस्थ रहन बच्चा जसरी केही दिमागमा हाबी हुन नदिई रातको समयमा छिटो सुत्ने बानी बसाल्नुपर्छ ।

धेरैजसो अध्ययनअनुसार राम्रो निदाउने हो भने मोटोपन, मुटुरोग, मधुमेह, उच्च रक्तचापको सम्भावना कम गराउने देखाएको छ । र, मस्तिष्कको कार्यक्षमतामा पनि सुधार ल्याउँछ । त्यसैले गुणस्तरीय र गहिरो निद्रा आवश्यक छ । कम्तीमा आठ घण्टा निदाउनु आवश्यक छ ।

राति राम्रो निद्रा पर्दैन भने केही सरल उपाय छन्, जुन उपयोगी हुनसक्छ ।

- बेलुकी सात बजेपछि खाना नखाने र कफी पनि नपिउने ।
- दैनिक सुत्ने र उठ्ने समय निश्चित बनाउने । र, निद्रा लाग्दैन भने पनि ओछ्यानमा जाने समय एकै राख्न खोज्ने । बरु जति गरे पनि निद्रा लागेन भने एकछिन उठेर केहीबेर कोठा वा बाहिर वरपर हिंड्न सकिन्छ ।
- कोठालाई पूरा अँध्यारो पार्ने र सजावटी लाइट पनि नबाल्ने ।
- सानो–सानो कुरामा तनाव नलिने ।

स्वस्थ रहन व्यक्तिले कुनै पनि कुरा कसरी ग्रहण गर्छ भन्ने कुरामा पनि भर पर्छ । दैनिकजसो आइरहने सहज, असहज परिस्थितिले गर्दा मनमा कुरा खेलाएर तनाव मात्र लिइरहने हो भने यसले स्वास्थ्य र व्यवहारमा नै भुइँचालो ल्याउन सक्छ ।

अत्यधिक तनावले कर्टिसोल हर्मोनको स्तर बढाउँछ । तनावले दिमागलाई अशान्त पार्ने, निद्रा नपार्ने, जाँगर नचल्ने र आराम मात्र गर्न मन लाग्ने गराउँछ ।

तनाव लिने अधिकांशमा जंकफुडको तिर्सना अति बढी लाग्ने समेत हुन्छ । जसले क्यालोरी शरीरमा चाहिनेभन्दा बढी हुने र शारीरिक गतिविधि पनि कम हुनसक्ने हुँदा शरीरमा अनावश्यक बोसो बढ्छ । जुन धेरै रोगको जोखिमको कारक बन्न सक्छ ।

कुनै कुरालाई चिन्ता लिएर केही नगरी बस्नु भनेको जीवनमा बेकारको समय खेर मात्र फाल्नु हो । तनाव अत्यधिक लिँदा डिप्रेसनको समस्या ल्याउन सक्छ । जुन अहिले मानसिक स्वास्थ्यमा सबैभन्दा ठूलो चुनौती बन्दै गइरहेको छ ।

**के गर्ने ?**

तनावलाई व्यवस्थापन गर्न व्यायाम, हरियालीमा घुमफिर, गहिरो सास फेर्ने खालका सूक्ष्म व्यायाम र ध्यान उपयोगी हुनसक्छ । तनावको व्यवस्थापन यतिले पनि हुँदैन जस्तो लाग्छ भने मनोरोग विज्ञसँग परामर्श लिनु आवश्यक छ ।

तनाव कम लिंदा शरीर स्वस्थ मात्र हुँदैन । यसले दैनिकीलाई सहज र गुणस्तरीय बनाउँदै लैजान्छ ।

**प्राकृतिक खानामा जोड दिनुहोस्**

शरीरलाई स्वस्थ राख्न सबैभन्दा प्राकृतिक खानेकुरा खानुपर्छ । मासु, माछा, अण्डा, तरकारी, फलफूल, सागपात, ओखर, तेल र दुग्धजन्य पदार्थ सन्तुलित मात्रामा खानु आवश्यक छ ।

जो व्यक्ति कार्यालयको कुर्सीमा आठ घण्टा ड्युटी गर्छन् र कुनै शारीरिक कसरत छैन भने उसलाई दिनमा १५ सय क्यालोरी भए पुग्छ । जो व्यक्ति खेतबारीमा काम गर्ने वा जिम गर्छन्, उनीहरुलाई बढी क्यालोरी आवश्यक हुन्छ । अधिक तौल, मधुमेह वा मेटाबोलिक सिन्ड्रोम जस्ता समस्याको लक्षण छ भने क्यालोरी भएको कार्बोहाइड्रेटजन्य खाना कटौती गर्नुपर्ने हुन्छ । जंकफुड सकेसम्म कम खानुपर्छ ।

# बालविवाह र महिला हिंसा घटाउन सक्रिय छन् गढवाका आमाहरू



देउखुरी (दाङ) । गढवा गाउँपालिका-५ खजरौटामा आमा समूह गठन भएको तीन वर्ष भयो । मुक्तकम्लरी विकास मञ्चको बालविवाह न्यूनीकरण कार्यक्रमअन्तर्गत गठित आमा समूहले गाउँघरमा हुने हरेक कार्यक्रममा सहभागिता जनाउने गरेको छ ।

समूहका अध्यक्ष आनन्दा यादव ४६ वर्षकी भइन । उनी आमा समूहमा आबद्ध भएपछि धेरै कुरा सिक्ने अवसर मिलेको बताउँछिन् । बालविवाह न्यूनीकरण, महिला हिंसाको वकालत, प्रजनन् स्वास्थ्यका बारेमा हुने छलफलबाट धेरै सिकाइ भएको उनले बताइन । "समूहमा आबद्ध नहुँदासम्म धेरै कुरा थाहा थिएन । अहिले कानुनी र व्यावहारिक सबै कुरा थाहा भएपछि समाजलाई सचेत बनाउन लागेका छौँ । आमा समूहमार्फत् बालविवाह रोकथाम तथा छोराछोरीको उमेर पुगेपछि मात्र विवाह गर्न सुझाव दिने अभियानमा जुटेका छौँ ।"-उनले भनिन् ।

समूहका सचिव गरिमा बुढाथोकी आफैँले १७ वर्षको उमेरमा भागी बिहे गरिन । सानो उमेरमा विवाह गर्दा शारीरिक, मानसिक तथा अन्य वृत्तिविकासमा असर पुग्ने अनुभव गरेपछि ३५ वर्षको उमेरमा उनी बालविवाह घटाउने अभियानमा जोडिएकी छिन् । "सानो उमेरमा बिहे गर्नुहुँदैन भन्ने कुरा उबेला थाहै भएन । बिहे गरियो तर अहिले पछुतो लागिरहेको छ । उमेर पुगेर गरेको विवाहले शारीरिक मानसिक रूपमा परिपक्क हुन पाइने कुरा अहिले मात्रै थाहा भएको छ", सचिव बुढाथोकीले भनिन्-"अचेल गाउँघरमा हुने महिलाहिंसा न्यूनीकरण, बालविवाह रोकथामलगायत विषयमा वकालत गर्ने गरेका छौँ । यसले अहिलेका पुस्ता र अभिभावकलाई सचेत गराउन योगदान पुगेको छ ।"

बालविवाह र महिला हिंसा मात्रै होइन समूहले सदस्यलाई बचत गर्न सिकाइ आवश्यक परेका समयमा लगानीसमेत गर्ने गरेको छ । मक्तकम्लरी विकास मञ्चका फिल्ड संयोजक ज्ञानु थापाले किशोर अवस्थामा आउने परिवर्तन तथा उत्सुकता मेटाउन बाल क्लब र आमा समूह गठन गरेर काम भइरहेको बताइन । यी समूहलाई मञ्चले तालिम तथा अन्य कार्यक्रममार्फत् सचेतना अभिवृद्धिमा समेत जोड दिइरहेको उनले जानकारी दिइन । "आमाहरूलाई गाउँघरमा हुने हिंसा घटाउने काममा लगाउने मात्रै होइन उहाँहरूको आएआर्जन वृद्धि गर्न व्यावसायिक तरकारी खेतीका लागि सहयोग गरिरहेका छौँ । पालिकाको कृषि शाखासँग समन्वय गरेर आमा समूहलाई कृषिमा आत्मनिर्भर बनाउने अभियान पनि सँगसँगै अगाडि बढाइरहेका छौँ ।"-थापाले भनिन् ।

गढवागाउँ पालिकाका उपाध्यक्ष शारदाकुमारी चौधरीले बालविवाह न्यूनीकरणका लागि अन्तरक्रिया, सडक नाटक देखाउने र पालिकाभित्रका वडाका गुरुबा, धामी र महतवालाईसँगै राखेर जनचेतनामूलक कार्यक्रम गर्ने गरेको जनाइन । यसकार्यले बालविवाह र हिंसा घटाउन योगदान पुगेको उनले जानकारी दिइन । "विद्यालयमा बाल क्लब र गाउँमा आमा समूह गठन गरेर जानकारीमूलक कार्यक्रम भइरहेका छन् । पालिकाले पनि प्रत्येक वर्ष मुक्तकम्लहरी, सीमान्तकृत समुदाय र पछाडि परेका वर्गको उत्थानका लागि कार्यक्रम गर्ने गरेको छ ।"-उनले सुनाइन ।

यहाँका आमाहरू आफैँ अभियानमा जुटेपछि महिला हिंसा र बालविवाह घटाउन सहज भएको जानकारहरू बताउँछन् । यहाँका अन्य पालिका र वडाले पनि यस अभियानलाई विस्तार तथा लागू गर्नसके थप सहज हुने समूहमा आबद्ध आमाहरूको विश्वास छ । रासस

# लायन्स क्लब अफ बुटवल सिद्धार्थले गऱ्यो वृक्षरोपण



बुटवल । लायन्स क्लब अफ बुटवल सिद्धार्थले बुटवल ७ मा रहेको बुटवल सरसफाइ तथा बातावरण सहकारी संस्थाको परिषद्को शीवनगर सरफाइ पार्कमा वृक्षरोपण गरेको छ । क्लबले ग्लोबल कज इनभारमेन्ट कार्यक्रमअन्तर्गत फलफूलका बिरुवा रोपिएको वर्ष लायन्स क्लब अफ बुटवल सिद्धार्थ २०२४-२५ का अध्यक्ष मोहन विक्रम प्याथले बताए ।

अध्यक्ष प्याथले वातावरणसम्बन्धी संस्थाले बुटवल सरसफाइ तथा वातावरण सहकारी संस्थासँग मिलेर काम गर्न पाउँदा खुसि लागेको जनाए ।

उनले आफूहरु यस परिषद्लाई सिद्धार्थ बाटिका बनाउने गरी अगाडि बढाएको बताए । वृक्षरोपण कार्यक्रममा बोल्दै प्रमुख अथिति २०२४-२५ डिस्टिक गभर्नर लायन पुरुषोत्तम भक्त प्रधानाङ्गले वातावरणसँगै आयआर्जनलाई समेत जोडेर गरिएको वृक्षरोपणले सबैलाई फाइदा दिने औंल्याए । उनले पर्यावरण संरक्षण हुनेगरी गरिएकोले उपलब्धि हुने बताए । बुटवल सरसफाइ संस्थाका अध्यक्ष कृष्णबहादुर कार्की लायन्स क्लब बुटवल सिद्धार्थले वृक्षरोपण गरेर उदाहरणनीय कार्य गरेको बताउँदै सरसफाइ संस्थाले बिरुवाको संरक्षणगनसहयोग गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा सरसफाइ संस्थाका व्यवस्थापक टोपलाल शर्माले आँप, लिचि जस्ता उपयोगी राम्रा फलफूलको वृक्षरोपण गरेर वातावरण र प्रकृतिको संरक्षणमा क्लबले योगदान दिएको बताए । कार्यक्रमका संयोजक छविलाल भुसालले सबैको सहयोगबाट रोपिएका बिरुवा संरक्षण गर्ने र बाँकी रहेको तारवार र अन्य काम पनि गरिने जनाए ।

वृक्षरोपणमा फस्ट भिडिजि बलाराम भट्टराई, एरिया चिफ दिपक प्रसाद श्रेष्ठ, नितु श्रेष्ठ, ओम थापा, यदुमणि पोखेल चिरञ्जिवी अधिकारी, सचिव सुर्दशन खनाल, निवर्तमान अध्यक्ष नारायण विक्रम कुँवर, उपाध्यक्ष राजु भारी, उपाध्यक्ष दिनेशमणि सुवेदी, सुन्दर श्रेष्ठ, कविता गौतमलगातले संस्थाले आगामी दिनमा वातावरण संरक्षणका कार्यक्रम गररहने बताएका थिए ।

वृक्षारोपण कार्यक्रमका संयोजक लायन छविलाल भुसालको स्वागत, सचिव सुर्दशन खनालको सञ्चालन र अध्यक्ष मोहनविक्रम प्याथको अध्यक्षतामा २०२४-२५ डिस्टिक गर्भनर लायन पुरुषोत्तम भक्त प्रधानाङ्गको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको हो ।

यसैबीच रोटरी क्लब अफ बुटवल चौतारीले शनिबार वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । क्लबले आफ्नो वार्षिक कार्ययोजना अनुसार पहिलो सर्भिस प्रोजेक्टअन्तर्गत साउन महिनालाई वृक्षरोपण अभियानको रुपमा सञ्चालन गरेको छ । जसअन्तर्गत शनिबार तिलोत्तमा नगरपालिका वडा नम्बर ११ स्थित शिवपुर माविमा वृक्षारोपण गरिएको हो । त्यस अवसरमा धुपि, अशोका, निम, आदि जस्ता बिरुवा रोपिएको क्लबका अध्यक्ष नुमेन्द्र पौडेलले जानकारी दिए ।

**रुपन्देहीमा...**

चालू वर्ष सरकारले ३ खर्ब २ अर्ब ७ करोड ७४ लाख रुपैयाँ पुँजीगत खर्चको लक्ष्य राखेको थियो । तर पुँजीगत खर्च लक्ष्यको १ खर्ब ७२ अर्ब ९ करोड २२ लाख रुपैयाँ अर्थात् ५६.९७ प्रतिशत मात्रै खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

चालु खर्च भने यस वर्ष ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रुपैयाँ चालु खर्चको लक्ष्य राखेको थियो । सो लक्ष्यको ९ खर्ब ३३ अर्ब ८५ करोड ५४ लाख रुपैयाँ अर्थात् ८१.७९ प्रतिशत चालु प्रकृतिको खर्च भइसकेको छ ।

वित्तीय व्यवस्थातर्फ समेत २५ असारसम्म लक्ष्यको ८१.४ प्रतिशत खर्च भइसकेको छ । यस वर्ष सरकारले वित्तीय व्यवस्थामा ३ खर्ब ७ अर्ब ४५ करोड ३६ लाख रुपैयाँको लक्ष्य राखेको छ, जसमध्ये मंगलबार बिहानसम्म २ खर्ब ५० अर्ब २६ करोड ७६ लाख रुपैयाँ खर्च गरिसकेको छ ।

सरकारले २५ दिनमा साढे १३ खर्ब बजेट खर्च गरेको छ । असार १ गतेदेखि २५ गतेसम्ममा १३ खर्ब ५६ अर्ब २१ करोड रुपैयाँ बजेट खर्च गरेको छ । अहिले सरकारी खाता बन्द भइसकेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धित नियमावलीको प्रावधानअनुसार आर्थिक वर्ष समाप्त हुनु एक साता अगाडि नै सरकारले भुक्तानी बन्द गरिसक्नु पर्छ ।

नियमावलीअनुसार अबको एक सातामा सरकारले आफूसँग बिल आइसकेको मात्र थप भुक्तानी गर्नेछ । यसबाहेक अत्यावश्यक भुक्तानीको बाटो भने खुला नै छ ।

**पछिल्लो ५ वर्षमा बजेट खर्च गर्ने हम्मे**

सरकारले हरेक वर्ष ठूलो आकारको बजेट ल्याउने गरेको छ । तर सो बजेट शत प्रतिशत खर्च भने हुन नसकेको तथ्यांकले देखाउँछ । पछिल्लो ५ वर्षमा सरकारले ल्याएका बजेट ८० प्रतिशत पनि खर्च गर्न भने हम्मे देखिएको छ । आर्थिक वर्ष ०७७/०७८ देखि चालू वर्षसम्म बजेट खर्च कटाउन सरकारलाई हम्मे परेको छ ।

गत आर्थिक वर्ष २०७९/०८० मा सरकारको कूल बजेटको ७९.६९ प्रतिशत बजेट खर्च भएको थियो । गत आर्थिक वर्षको लागि १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रुपैयाँ कूल बजेट छुट्याएकोमध्ये असार अन्तिमसम्ममा १४ अर्ब २९ अर्ब ५६ करोड ४० लाख रुपैयाँ सरकारले खर्च गरेको उल्लेख छ ।

यस्तै सो वर्ष चालू खर्च ८५ प्रतिशत पुँजीगत खर्च ६१.४४ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फको खर्च ८२.५८ प्रतिशत भएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

आर्थिक वर्ष २०७८/०७९ मा ७९.७ प्रतिशत बजेट खर्च भएको छ । सो वर्ष १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख रुपैयाँको कूल बजेट विनियोजन गरिएको थियो भने १३ खर्ब १ अर्ब४२ करोड ५४ लाख रुपैयाँ बजेट खर्च भएको थियो । जसमध्ये चालू तर्फ ९०.७६ प्रतिशत पुँजीगततर्फ ५७.१८ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ ६२.५ प्रतिशत बजेट खर्च भएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

आर्थिक वर्ष २०७७/०७८ मा ८०.०८ प्रतिशत कूल बजेट खर्च भएको थियो । सो वर्ष १४ खर्ब ७४अर्ब ६४ करोड ५४ लाख रुपैयाँको कूल बजेट विनियोजन गरिएको थियो । सो वर्ष ११ खर्ब ८० अर्ब ९५ करोड २९ लाख रुपैयाँ बजेट खर्च भएको तथ्यांकमा उल्लेख छ । जसमध्येबाट चालू खर्चतर्फ ८९.७५ प्रतिशत, पुँजीगत खर्च ६४.६९ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ ५८.४४ प्रतिशत बजेट खर्च भएको थियो ।

## Nepal Water Supply Corporation

**Branch Office, Butwal**

## Invitation for Electronic Bids

First Date of Notice Publication: 2081-03-30(14th July2024)

Nepal Water Supply Corporation, Branch officeButwal invites only electronic bids from the qualified eligible bidders for the supplyand delivery of following items under National Competitive Bidding, Single Stage, Single Envelope Bidding Procedures. A complete set of Bidding Documents can be downloaded from PPMO's website : www.bolpatra.gov.np/egp.

| S.N. | Project Title | Contract Identification No. | Cost of Bid Document (NRs.) | Bid Security Amount (NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of HDPE Pipe. | NWSCBTL/ HDPE/NCB/07/ 080/081 | 3000.00 | 104000.00 | 2081-04-29 (13-08-2024) 12:00 PM | 2081-04-29 (13-08-2024) 13:00 PM |
| 2 | Supply and Delivery of Pipe Fittings and Electrical Materials. | NWSCBTL/ FITTINGS /NCB/08/080/081 | 3000.00 | 99000.00 | 2081-04-29 (13-08-2024) 12:00 PM | 2081-04-29 (13-08-2024) 13:00 PM |
| 3 | Bank Account Details for Bid Document Fee. | Name of the Bank: Nabil Bank Ltd.Office Account no.:1006010017001 | Name of Office :Nepal Water Supply Corporation Butwal. | | | |
| 4 | Bank Account Details for deposit Bid Security | Name of the Bank: Rastriya Banijya Bank , ButwalKhasauli Office Account no.:3120100000214001 | Name of Office :Nepal KhanepaniSansthan. | | | |

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

## हार्दिक श्रद्धाञ्जली

जन्म : २०१३।०५।२४



स्वर्गारोहणः २०८१।०३।२०

**स्व. ऋषिराम ज्ञवाली**

यस मणिमुकुन्दसेन उद्यान संरक्षण समिति (बुटवल फुलबारी) रुपन्देहीका संस्थापक, सामाजिक व्यक्तित्व **ऋषिराम ज्ञवाली**को स्वर्गारोहणले हामीलाई मर्माहत बनाएको छ । शोकको यस दुःखद घडीको आज ११ औं दिनको पूण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

युवराज घिमिरे, महासचिव
एवम्
माधव नेपाल, अध्यक्ष

**मणिमुकुन्दसेन उद्यान संरक्षण समिति (बुटवल फुलबारी) परिवार**
बुटवल, रुपन्देही

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# एक वर्षमा सर्पको टोकाइबाट १० जनाको मृत्यु



घोराही (दाङ) । यही असार १२ गते दिउँसो घर नजिकै बारीमा घाँस काट्दै गरेका तुलसीपुर उपमहानगरपालिका- १९ बाँसगढीका ५५ वर्षीय पारु चौधरीलाई सर्पले डस्यो । बायाँ हातमा सर्पले डसेका चौधरीलाई परिवारका सदस्य अस्पताल पुऱ्याउनुको साटो झारफुकतिर लागे । बिरामीको अवस्था नाजुक बन्न थाल्यो त्यसपछि मात्रै चौधरीलाई अस्पताल लैजाने तरखर भयो । जतिबेला समय निकै टरिसकेको थियो । बेलुका ८ बजे घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरे ।

तुलसीपुर-२ भमकेका ११ वर्षीय बालक घनश्याम पाठकलाई घरको कोठामा सुतिरहेको अवस्थामा असार ६ गते राति सर्पले टोक्यो । सर्पले टोक्नेबित्तिकै घनश्यामले हजुरआमालाई जानकारी गराए । घरभित्र कसरी सर्प आयो होला भनेर हजुरआमालाई विश्वास लागेन । त्यसपछि बत्ती बालेर ओढिराखेको कम्बल फाल्दा सर्प बालकको कम्मरमा बेरिएको थियो । तत्काल उनलाई मोटरसाइकलमा चढाएर राप्ती प्रादेशिक अस्पताल तुलसीपुर पुऱ्याइयो ।

प्रादेशिक अस्पतालमा खटिएका स्वास्थ्यकर्मीले उनलाई सर्पले टोकेको ठाउँ पत्ता लगाउन सकेनन् र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा रिफर गरियो । आठ वर्ष अघि सर्पकै टोकाइबाट आमा गुमाएका घनश्यामलाई उपचारका क्रममा यही असार ७ गते साँझ ८ बजे डाक्टरले उनलाई बचाउन नसकिने खबर सुनाए ।

यी प्रतिनिधि मूलक घटना मात्रै हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार दाङमा आर्थिक वर्ष २०७८/७९ मा नौ र २०७९/८० मा छ जनाको मृत्यु भएको छ । दाङमा चालु आर्थिक वर्षको हालसम्म १० जनाको मृत्यु भइसकेको छ भने एक सय ७८ जना सर्पदंशमा परेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले देखाउँछ ।

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र दाङका खरिदार शम्भु आचायले सर्पदंशमा परेका बिरामीले घरपरिवार र समाजमा विद्यमान अन्धविश्वासमा परेर झारफुक वा चुसेर विष निकाल्ने जस्ता काममा समय व्यतित हुँदा ज्यान गुमाउने गरेको बताए ।

समयमै अस्पताल पुगिसकेका बिरामीले पनि ज्यान गुमाउनुमा स्वास्थ्यकर्मीकै लापरवाही भएका बिरामीका आफन्त गुनासो गर्छन् । सर्प नचिन्दा र अस्पताल ढिलो आउने गरेका कारण कतिपय व्यक्तिहरुको सर्पदंशबाट ज्यान जाने गरेको चिकित्सकहरु बताउँछन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सर्पदंशका राष्ट्रिय प्रशिक्षक उमाकान्त तिवारीले सर्पले टोकी हाल्यो भने तत्काल अस्पताल पुग्न आग्रह गरे ।

पछिल्लो समय एक अस्पतालबाट अर्को अस्पतालमा रिफर गर्ने भएको हुँदा पनि कतिपयले अकालमै ज्यान गुमाउने गरेको उनले बताए । सर्पले टोकिसकेपछि तत्कालै सर्पको पहिचान गरी अस्पताल पुग्दा अकाल मृत्युको मुखबाट बच्न सकिने उनी बताउँछन् ।

अस्पताल जानुको साटो झारफुकमा विश्वास गर्दा पछिल्लो तीन वर्षमा २५ जनाको मृत्यु भएको छ । सर्पदंशका बिरामी अस्पताल पुगेपछि कुनै पनि बिरामीले ज्यान गुमाउनु पर्दैन भन्ने सरकारी नीति भए पनि जिल्लामा कतिपयले झारफुकमा लाग्दा ज्यान गुमाएका छन् भने कतिपयले सर्पको पहिचान गरी अस्पताल पुग्दा पनि मृत्युवरण गर्नुपरेको छ ।

# आवर पीसल्याण्डमा रामायण वाचन प्रतियोगिता



बुटवल । बुटवल-७, शीवनगरस्थित आवर पीसल्याण्ड एकेडेमीमा २११औं भानु जयन्तीको अवसरमा रामायण वाचन प्रतियोगिता भएको छ ।

कक्षागत रूपमा विभिन्न तहमा विभाजन गरी सम्पन्न गरिएको उक्त प्रतियोगितामा कक्षा २- ६ सम्मका करीब १२५ विद्यार्थीहरुको सहभागिता रहेको प्रतियोगितामा कक्षा २-६ सम्मका क्रमशः सोरा चौधरी, कृष्टि श्रीस, निर्मला खनाल, आयान कोइराला, सुमिजन केसी र निरज चौधरीले प्रथम स्थान हासिल गरेका थिए ।

यसैगरी कक्षा ७-९ का विद्यार्थीबीच सम्पन्न रामायण वाचन प्रतियोगितामा क्रमशः प्रिन्सा पाण्डे, सृष्टि भण्डारी र प्रशंसा न्यौपाने प्रथम हुन सफल भएका थिए ।

किताबी ज्ञानका अतिरिक्त बालबालिकालाई साहित्य, खेलकुदलगायतका विभिन्न क्रियाकलापमा यथेष्ट रूपमा सहभागी गराउँदा बालबालिकाको अन्तरनिहित प्रतिभा उजागर हुने र यसले पढाइमा समेत अब्बल बनाउन ठूलो सहयोग पुग्ने हेतुले यसपटक पनि रामायण वाचन प्रतियोगिता सम्पन्न गरिएको विद्यालयकी प्रिन्सिपल गंगा भण्डारीले जानकारी दिइन् ।

कार्यक्रममा विद्यार्थी अनुष्का पोखरेल, शुसान्त परियार, डोल्मा गुरुङ्ग, प्रनिश न्यौपाने, मनिष राई स्मृति विक, कञ्चन श्रीस, शिक्षक द्वय नीता भण्डारी र सलीना पुन, विद्यार्थी मनित राना, अन्सुम भुषाल, जलन सारु, स्मिता केसी, आस्था बोटे, शिक्षकद्वय दिपा कार्की र नीता भण्डारीले आ-आफ्नो भूमिका निभाएका थिए ।




# लुम्बिनीकर्मी भुसाल सञ्चारीका प्यूठान अध्यक्ष



प्यूठान । सञ्चारिक समूह प्यूठानको प्रथम भेला प्यूठान नगरपालिका ४ जुम्रीमा सम्पन्न भएको छ । भेलाले दैनिक लुम्बिनीकर्मी राधिका भुसालको नेतृत्वमा ९ सदस्यीय समिति चयन गरेको हो ।

पत्रकार महिलाहरुलाई संगठित गर्ने उद्देश्यका साथ भेला भई सर्वसम्मत रुपमा पदाधिकारी चयन गरिएको थियो । जसको सचिवमा सीता वि.क र कोषाध्यक्ष स्मृति घर्तीमगर रहेका छन् भने पदाधिकारी सदस्यहरुमा सिर्जना सेन, भिमकला कुँवर (प्रतिभा), शुसिला बुढामगर, बबिता रिजाल र गोमा बस्नेत रहेका छन् ।

साथै सल्लाहकारमा दीपा घर्ती र शिवा रेग्मी चयन भएका छन् । उपाध्यक्ष पदमा पूर्ण बैठकले अनुमोदन गरेसँगै सञ्चारिका समूह प्यूठान शाखाले पूर्णता पाउने छ ।

भेलामा सञ्चारिका समूह लुम्बिनी प्रदेशका अध्यक्ष अमृता अनमोल र कोषाध्यक्ष उशा किरण पन्तको आतिथ्यता रहेको थियो । भेलालाई सम्बोधन गर्दै अध्यक्ष अनमोलले पत्रकारिता क्षेत्रमा महिला उपस्थिति कमजोर बन्दै गएको विश्लेषण गरेकी थिइन ।

सामान्य समाचार लेखेर मात्रै जीविको पार्जन गर्न नसकिने बताउँदै पत्रकारितासंगै कार्यक्रम तथा सुचना संकलनमा समेत प्रतिस्पर्धा गर्नु पर्ने बताइन् ।

नेपाल पत्रकार महासंघको शुद्धिकरणले विभिन्न कारण देखाई पत्रकार महिला सहभागितालाई झनै कमजोर बनाउन खोजेको अध्यक्ष अमृताले गुनासो पोखिन । अध्यक्ष भुसाल दैनिक लुम्बिनीको प्यूठान संवाददाता हुन भने नेपाल पत्रकार महासंघको जिल्ला शाखा उपाध्यक्ष समेत हुन् ।

# अन्तरडिपार्टमेन्ट फुटसलको उपाधि युवा जोसलाई

बुटवल । बुटवल उप-महानगरपालिका वडा नम्बर ११ मा रहेको एडभान्स कुकिङ इन्ष्टिच्युटको आयोजनामा बुटवलमा भएको अन्तरभिपापार्टमेन्ट फुटसलको उपाधि युवा जोस डिपार्टले हात पारेको छ । एडभान्स कुकिङ इन्ष्टिच्युटमा अध्ययन गर्दै आएका फरक-फरक डिपार्टमेन्टका विद्यार्थीहलाई एक आपसमा जोड्दै खेलमार्फत अतिरिक्त क्रियाकलपमा जोड्नको लागि प्रतियोगिता आयोजना गरिएको जनाइएको छ । वार्षिक खेल दिवसको अवसरमा आयोजित प्रतियोगितामा फाइनलमा देगी मिर्च डिपार्टलाई ८-३ गोल अन्तरले पराजित गर्दै युवा जोसले उपाधि हात पारेको हो ।

उपाधिसँगै युवा जोसले नगद १० हजार, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपबिजेता बनेको देगी मिर्चले नगद ५ हजारमा चित्त बुझाएको छ । बिजेता टोलीले रेस्टुरेण्टमा खानाको कुपन समेत प्राप्त गरेको छ । कुल ८ टिम सहभागी खेल नकआउट चरणमा खेलाइएको थियो । खेलमा डेञ्जरजोन एफसि, वासवी एफसी, ब्रोदर्श एफसि, जिंगर बर्गर डीसी, काठी रोल र फुटोमकको एफसी सहभागी भएका थिए ।

बिजेता तथा सहभागी खेलाडीहरुलाई एडभान्स कुकिङ इन्स्टिच्युटका प्रवन्ध निर्देशक राज घिमिरे र प्रिन्सीपल अनिश भुसालले पुरस्कृत गरेका थिए ।

आवश्यकता

यस सिद्धार्थ पब्लिकेशन प्रा.लि. द्वारा प्रकाशित पत्रिका दैनिक लुम्बिनीका लागि देहाय बमोजिमको कर्मचारी आवश्यक परेकोले इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक संख्या | योग्यता |
|---|---|---|---|
| १ | बजार प्रबन्धक | केही | कम्तिमा +2 पास, सम्बन्धित क्षेत्रमा दक्ष |

तलब तथा अन्य सुविधाः आपसी सहमतिमा तय गरिनेछ ।
दरखास्त दिने अन्तिम मितिः २०८१ साउन ०५ गतेसम्म

सर्म्पक
दैनिक लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर
फोन नं: ०७१-५३०६४०, ९८५७०३८३१२

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com